स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कमल एक्चै मगरको निर्देशन रहेको फिल्म 'शिरफूल' युट्युबमा रिलिज भएको छ । नाइस मिडिया नेटवर्कको ब्यानरमा फिल्म केही वर्षअघि निर्माण भएको थियो । 'शिरफूल' आदिवासी जनजाति महिलाहरुले लगाउने एक प्रकारको सुनको गहना हो । नारीले शिरमा लाउने, फूलका आकार हुने भएकाले 'शिरफूल' भनिएको हो । फिल्म 'शिरफूल' नाइस टेलिभिजनको अफिसियल युट्युब च्यानल मार्फत रिलिज गरिएको हो।

आजको विचार...



रोकेको...

(दुई पेजमा)

पदम न्यौपाने

दशैंको फूलपाती (असोज २४ गते)बाट प्रदर्शनको तयारीमा रहेको 'ज्वाइँ साब' निर्देशक बसन्त निरौलाको छैटौं फिल्म हो। यसअघि उनले 'विजयपथ', 'राजनीति', 'आवेग', 'समर्पण' र 'मेला' गरी पाँच फिल्मको निर्देशन गरिसकेका छन्। जसमध्ये कुनै प्रेमकथामा बनेका थिए त कुनै एक्सनप्रधान थिए। 'ज्वाइँ साब' भने कमेडी कथामा बनेको फिल्म हो। एक्सन फिल्मबाट करिअर सुरु गरेका बसन्त कमेडीमा केही फरक गर्ने सोचले 'ज्वाइँ साब' बनाएको बताउँछन् ।



❐ वर्ष ३० ❐ अंक ८६ ❐ २०८१ असोज २४ गते बिहीबार 10 October 2024, Thursday ❐ पृष्ठ संख्या ८ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### फूलपाती भित्र्याइँदै

**पाल्पा,** असोज २३/आश्विन शुक्ल सप्तमीका दिन आज घर-घरमा स्थापना गरिएको नवदुर्गा एवं दसैंघरमा फूलपाती भित्र्याइँदैछ । प्रत्येक वर्ष दुर्गा पक्षअन्तर्गत आश्विन शुक्ल सप्तमीका दिनमा मनाइने फूलपाती पर्व शास्त्रीय विधिअनुसार शुभ साइतको प्रतिक फूलपाती भित्र्याउन लागिएको हो । घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दसैंघर अथवा पूजाकोठामा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र मानवृक्ष भित्र्याइन्छ । फूलपाती र श्री तुलजाभवानी यात्रा बिहान ७:११ बजे र स्थिरासन बिहान ८:४३ बजे साइत रहेको समितिले जनाएको छ । टीकाको साइत असोज २६ गते शनिबार बिहान ११ बजेर ३६ मिनटमा उत्तम रहेको छ । त्यस दिन बिहान ८ बजर ३३ मिनटमा देवी विसर्जन गरी ११ बजेर ३६ मिनटको साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ ।

# चाडपर्वको मुखमा अचाक्ली महँगी

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २३/नेपालीहरुको महानपर्व दसैं नजिकिँदै गर्दा महँगी अचाक्ली बढेको छ । दसैंको मुखमा चामल, हरियो तरकारी, खाने तेल, लत्ताकपडा र जुत्ता चप्पलको मूल्य अत्याधिक बढेको हो ।



बजारमा दसैंको किनमेल सुरु भएको छ । तर बजारभाउ महँगो हुँदा उपभोक्ता दसैंको सरसामान कसरी जुटाउने भन्ने अन्योलमा छन् । उपभोग्य वस्तुको बजार मूल्य आकासिए पनि अनुगमन गरी बजारलाई नियमन गर्नेतर्फ सम्बन्धित निकायले प्रभावकारी कदम चाल्न सकेका छैन । जसको मारमा आम उपभोक्ता परेका छन् । दुई/तीन महिना अघि २ सय ४० मा पाइने रहरको दाल अहिले ३ सय १० रुपैयाँ पुगेको छ । यस्तै, प्राय: दसैंमा बढी खपत हुने चिउरा पनि बढेर प्रतिकिलो १ सय २० रुपैयाँ पुगेको छ । यसअघि प्रतिकेजी २ सय ३० रुपैयाँमा पाइने राजमा २ सय ९० रुपैयाँ पुगेको छ । प्रति किलोको १ सय २० रुपैयाँमा पाइने चनाको मूल्य हाल १ सय ८० रुपैयाँ पुगेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार साउनमा मात्रै तरकारीमा १९ प्रतिशतभन्दा बढी मूल्यवृद्धि भइसकेको छ । त्यस यता बाढी पहिरोले मुख्य राजमार्ग अवरुद्ध हुँदा तरकारी र फलफूलको मूल्य छोइनसक्नु छ ।


खाद्यान्न मात्र होइन होटल तथा रेष्टुरेन्टका सामग्री, मरमसला, कपडा, भाडा वर्तन, विद्युतीय सामग्री लगायतका हरेक वस्तुको मूल्य बढेको छ । आम्दानीभन्दा खर्चको भार बढ्दा सर्वसाधारणको दैनिकीमै असर परेको छ । दसैं र चाडबाडको मुखमा भएको चर्को महँगीको मारमा सर्वसाधारण छन् ।

तानसेन- कैलाशनगरकी मीना खत्रीले चिनी, दाल, कपडा सबैको मूल्य बढ्दा आफु जस्ता सामन्य आए भएकाहरु मारमा परेको बताइन् । उनले भनिन् 'साउनदेखि यता मूल्य एकदमै बढेको छ । सबै खाद्यन्नको मूल्य बढ्दा गाह्रो भएको छ । आयआर्जन छैन ।' लत्ताकपडा पनि महँगो उस्तै छ । दसैंका लागि भनेर तानसेन तेस्रो सडकमा कपडा किन्न पुगेकी पाल्पा रिब्दीकोटकी सरस्वती कार्कीले अघिल्लो वर्ष तीन हजारमा किनेको कुर्तासुरुवाल अहिले ५ हजार पर्दा छक्क परिन् । उनले भनिन् 'अघिल्लो वर्ष दसैंमा १५ सयमा पनि कुर्ता सुरुवाल नबिकेर व्यापारीहरु को आउला भनेर हेरेर बसेका हुन्थे । अहिले त दसैंको मुखमा ५ हजार भन्छन् ।' मूल्य वृद्धिले दसैं, तिहार कसरी मनाउने भनेर उपभोक्ता चिन्तित छन् । सरकारले प्रभावकारी अनुगमन नगर्दा उपभोक्ता समस्यामा परेका हुन् । दसैं, तिहार, छठ जस्ता पर्वमा खाद्यान्नदेखि विलासिताका वस्तु बढी खपत हुन्छन् । यही मौका छोपेर कतिपय व्यापारी र व्यवसायीले कृत्रिम मूल्य तोक्ने गर्छन् । त्यसको मारमा सर्वसाधारण पर्छन् । सरकारले बजार अनुगमन जारी राखे पनि मूल्यवृद्धि भने घटेको छैन् ।









पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## दसैं दशा नबनोस् !

हिन्दूहरुको महान पर्व वडा दसैँ प्रत्येक नेपालीको घर दैलोमा आएको छ । आज देशभरका शक्तिपीठमा फूलपाती भित्र्याइँदै छ । प्रत्येक वर्ष हिन्दु धर्मावलम्बीले आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म लगातार दश दिनसम्म दसैँ पर्व मनाउने गर्दछन् । यसलाई ठूलो चाडका रुपमा लिइन्छ । दसैँ सबैभन्दा लामो र देशभर सबै जातजाति र धर्मले अवलम्बन गर्ने गरेको पाइन्छ । विशेषगरी, हिन्दुहरुले वर्षदिनमा एकपटक मनाउने चाड दसैँ सम्पूर्ण नेपालीहरुको एक प्रमुख महान् चाडपर्व हो । जुन घटनास्थापनादेखि सुरु हुन्छ ।

चाडबाडको अवसरमा वर्षभरिको दु:खपीडा र अभावलाई बिर्सिंदै आफ्ना परिवारजनसँग भेटघाट गर्न, सँगै बसेर मीठो–मसिनो खान र रमाइलो गर्न विदेशमा रहेका अनि स्वदेशकै विभिन्न स्थानबाट रोजगारी र उच्च शिक्षाका लागि घरदेखि बाहिर रहेकाहरु जन्म थलो फर्किसकेका छन् भने कोही फर्कने तयारीमा छन् । शान्ति र सद्भावको सन्देश बोकेर हरेक वर्ष आउने बडा दशैंले सम्पूर्ण हिन्दू नेपालीहरुलाई साच्चिकै शान्तिको अनुभूति दिलाउने गर्दछ । दसैं जस्तो महान चाडमा हामीले हरेक दु:खकष्ट बिर्सेर सुख र शान्तिको सास फेर्ने गर्दछौँ । एकअर्कासँग खुसी साटासाट गर्ने र मान्यजनबाट टिका ग्रहण गरी दसैं मनाउने परम्परा परापूर्व कालदेखि चलिआएको छ । दसैं हामी नेपालीहरुको सबैभन्दा ठूलो र महत्वपुर्ण चाड हो । जीविकाको खोजीमा गाउँघरबाट टाढिएका आफन्तजन पुनर्मिलनका लागि दसैं कुर्छन् । गाउँमा रमाइलो हुन्छ, कमेरो माटोले घर पोतिन्छ, केटाकेटी हर्षित हुन्छन् । 'असत्यमाथि सत्यको विजय' भएको सम्झनामा मनाउँदै आएको यो पर्व आम नेपालीहरुको ठूलो पर्वका रुपमा स्थापित भएको छ । दसैं केही वर्षयता आफ्नो आर्थिक हैसियत बिर्सेर अरु घोडा चढे भनेर आफू धुरी चढ्ने प्रवृत्तिले गर्दा उल्लास र उमँगको चाड हुन भने सकेको छैन । जसले गर्दा हुँदा खानेहरुका लागि दसैं 'दशा' भएर आउने गरेको छ । पर्वको नाममा अरुको देखासिकीले गर्दा सामान्य आय भएका नागरिक समस्यामा पर्ने गरेका छन् । पर्वलाई सांस्कृतिक महत्वको चाडका रुपमा स्वीकार गरी दसैंको गरिमा वृद्धि हुनेगरी विशुद्ध मनोरञ्जनात्मक रुपमा मनाउनुपर्छ । 'घाँटी हेरि हाड निल्नु' भन्ने उखानलाई हृदयंगम गरी मनाउन सकियो भने मात्र दसैं साच्चिकै दसैं बन्न सक्छ । अहिले खाद्य, लत्ताकपडा, मासु आदि वस्तुहरुमा छाएको महँगी त्यसमाथि मिसावटयुक्त पदार्थ उपभोग गर्न बाध्य नेपालीहरुले अभावका बावजुद पनि दसैंलाई आफ्नो हैसियत अनुसार मनाउनेतर्फ सबैंले सोचौं । साथै पर्वको बेला स्वास्थ्यको ख्याल गरी खानपिनमा समेत ध्यान दिऊ । दसैं उल्लासमय बनोस् । सबैमा विजया दशमीको शुभकामना !

## Opinion @ Social Network

आज खुशी छु भन्दैमा भोलि पनि खुशी हुन्छु नसोच्नु
किनकि निलो आकाशलाई पनि क्षणभरमै कालो बादलले ढाकिदिन्छ ।
*(कामना पाठकको फेसबुक स्टाटस https://www.facebook.com/Pathak.Kmna)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रोकेको छ कसले र रोकिन्छ के का लागि ?




भनिन्छ इच्छा शक्ति भए संसरमा असम्भव केही पनि छैन् । यो पंक्तिकारको मान्यता पनि यही हो वा सामाजिक वा सार्वजनिक जीवन दर्शन पनि यही हो । तर कहिले काही भने हैन केही गरौं वा केही प्रारम्भ गरौं वा लौन अवत केही गरौं भन्ने प्रस्ताव माथि देखाइने उदाशिनता वा सम्भव छैन् भन्ने सोच किन देखाइन्छ र कहाँबाट आउछ ? भन्ने जस्ता जिज्ञासाले आफ्नो मनमा स्थान पाइराख्छन् । त्यति मात्र होइन यस्ता कुराले यहाँका मानिसको मनमा कुनै प्रभाव नै पर्दैन वा यस्ता विचारले स्थान नै पाउँदैनन् किनकी यहाँ गरौं सम्भव छ भन्नेहरु भन्दा हुँदैन सम्भव छैन भन्ने मानसिकताले जकडिएका सोच राख्नेहरुको आवाज ठूलो छ नजिकका साथीहरुले मलाई निरन्तर सचेत गराइरहने पक्षहरु हुन् । अनि अर्को जिज्ञासा आउँछ आखिर समाज रुपान्तरका लागि पहिलो शर्त हो आफ्नै रुपान्तरण तर यसका लागि रोकेको छ कसले वा रोकको छ के ले वा रोकिन्छ के का लागि ?

यो पंक्तिकार न समाजशास्त्री हो न मानवशास्त्री वा न मनोविद् तसर्थ यि पक्षहरुको विश्लेषण गर्नका लागि त्यति योग्यता त राख्दैन तर व्यवहारिक दर्शनका हिसावले यी जिज्ञासा राख्ने हक भने राखदछ । यसर्थ सैद्धान्तिक विश्लेषण भन्दा व्यवहारिक प्रस्तावका सन्दर्भमा यिनै प्रस्तावहरुको अस्विकार्यताका पृष्ठभूमिमा आखिर किन ? भन्ने दर्जनौ प्रस्ताव वा अवधारणा मध्ये निम्न तिनवटा मात्र प्रश्न वा जिज्ञासाको जवाफ सम्वद्ध सरोकारवालाहरुबाटै पाउने अपेक्षा गरिएको छ ।

**पहिलो जिज्ञासा :**

पाल्पाको पर्यटनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने र योगदान गर्ने एउटा सम्पदा हो रानीघाट दरवार या रानीमहल । सम्पदा पर्यटनले त्यो सम्पदासँग जोडिएको इतिहास र संस्कृति पनि माग गर्दछ । यसर्थ यो दरबार वा महलको परिचय भनेको भौतिक संरचना मात्र होइन । यसको इतिहास र निर्माणकर्ताको व्यक्तिगत वा पारिवारिक जीवनसँग जोडिएको सम्पदा पनि भएकाले करिव डेढ बर्ष अगाडि यो पत्तिंकारकै सक्रियतामा दरवारको अस्थिपञ्जरमा प्राण भर्ने स्वयसेवी कार्यका लागि जिम्मेवारी प्रदान गर्न नगरपालिका प्रमुख लगायतको टोलीसँग प्रस्ताव गरिएको थियो । नगरप्रमुखको प्रस्ताव प्रति प्रदर्शन गरेको उत्साहीपनले प्रस्तावकलाई झनै उत्साही बनायो । तरपछि जानकारी बनायो नगरप्रमुखद्धारा प्रस्तावकको समूहलाई जिम्मेवारी प्रदान गर्ने बारे राखिएको प्रस्तावमा उहाँकै केही सहयात्रीहरुले हामी आफै गर्न सक्छौं भन्ने निष्कर्ष सुनाइयो भन्ने सुन्नमा आएको थियो । महलमा व्यवस्थिती देखिने, नयाँपन पाउने, त्यो समयको संस्कृतिको नजिकबाट अनुभव गर्न पाउने, महल निर्माणको भित्रि रहश्यको अनुभूति महशुस गर्न पाउने मात्र होइन सो स्थानकाबारेमा नयाँ मनोवैज्ञानीक प्रभावले अन्य नयाँ प्रडक्टहरु परिचयमा आकर्षण र आम्दानीमा छलाङ् आउने निश्चित थियो । तर यो डेढ वर्षको अवधिमा त्यहाँ सो सम्बन्धमा के-के गरियो देख्न पाइएको छैन । अनि जिज्ञासा आयो सो प्रस्तावका सन्दर्भमा कसले वा रोकेको छ के ले वा रोकिन्छ के का लागि ?

> **लुम्बिनी प्रदेश सरकारले पनि पाल्पालाई प्रदेशको एउटा भिन्न र आकर्षक गन्तव्यको सम्भावना देखेर प्राथमिकतामा राखेको छ भने संघयि सरकारद्धारा निकै वर्ष अगाडि देखिनै समयसमयमा चर्चा गर्दै आएको देखिन्छ तर ती दुवै अवसरमा तानसेनले बुझ्न र अवसरको उपयोगमा चुक्दै आएको छ । यो पनि लुकाएर नलुक्ने पक्ष हो ।**

**दोस्रो जिज्ञासा :**

पर्यटन क्षेत्रमा सम्पदा पर्यटनमा जसरी आकर्षण बढेको छ त्यसरी नै अर्को आकर्षक क्षेत्र खेल पनि हो । पाल्पाको पर्यटनमा ठूलो योगदान र भूमिका निर्वाह गर्ने अर्को यो महत्वपूर्ण क्षेत्रको सम्भावना पनि त्यत्तिकै छ भनेर नै यही पंतिकार लगायतको विशेष चासोमा स्थानीय टुँडिखेल मैदानको व्यवस्थापनका सन्दर्भमा नगरपालिका समक्ष टुँडिखेल व्यवस्थापन प्रस्ताव गरिएको थियो । यो प्रस्ताव गर्नुको मुल उद्देश्य टुँडिखेलको व्यवस्थापनबाट पाल्पाका अन्य मैदान वा स्थानहरुमा खेल विकास र यही माध्यमबाट पर्यटन प्रवर्द्धनको रणनीतिक लक्ष्य राखिएको थियो । टुँडिखेलमा विशेषगरी फूटवल खेलका लागि सोही अनुरुपको मैदान तयार पार्ने हिसावले नयाँ घाँस लगाइएको छ वा रोपण गरिएको छ । अत्यन्त महगों मानिने यो घाँसको निरन्तर रेखदेख, स्याहार सुसार गरिएन भने लगाइनुको औचित्यपुष्टि हुन सक्दैन भनेर नै रोपणको अन्तिम चरण र हस्तान्तरण प्रक्रियामा नै यसको व्यवस्थापनको जिम्म्वारी सन्दर्भमा स्पष्ट हुनुपर्ने आवश्यकताले नगरपालिका समक्ष प्रस्ताव गरियो – यो मैदानले स्थानीय अर्थतन्त्रमा समेत चलायमान पार्ने हुनाले तानसेन र सेरोफेरोमा खेल क्षेत्रको विकास र प्रवर्द्धनमा योगदान गर्ने गरी व्यवस्थापन रणनीति बनाउन आवश्यक भएकाले नगरपालिकाकै सक्रियतामा खेलकुद क्षेत्रकै संघहरुद्धारा गठित समूहलाई एउटा कार्यविधि अनूरुप हस्तान्तरण सम्झौता गर्न जरुरी छ । नगरप्रमुखको यसप्रतिको सकारात्मक धारणा सुन्नमा आएपछि जिल्ला फूटवल संघ पाल्पाको अगुवाइमा टुँडिखेल व्यवस्थापन सहमतिका लागि छलफल प्रक्रिया अगाडि बढाइयो । तर यो प्रस्तावमा छलफल गर्ने व्यवस्थापन हस्तान्तरण कार्यविधि निर्माणका लागि आयोजित भेला नै असफल बन्न पुग्यो र नपा प्रतिनिधि रहेको एउटा आन्तरिक टोलीले नै व्यवस्थापन गर्ने गरी समूह बनाइए छ । र यस समूहले के -के गऱ्यो र गरिरहेको भन्नेवारे सार्वजनिक जानकारी आइसकेको छैन यो समय पनि एक वर्ष भन्दा बढी भैसक्यो ।

यहाँ यो प्रस्तावको उद्देश्य बारे संक्षेपमा जानकारी गराउन जरुरी देखिन्छ । टुँडिखेलको व्यवस्थानबाट तानसेनमा निरन्तर विभिन्न विधा र प्रकृतिका प्रतियोगिता आयोजना गरिन्थ्यो । पाल्पाका विभिन्न स्थानमा भएका खेल मैदानको उपयोगका पृष्टभूमिमा परियोजना र कार्यक्रम बन्ने थिए । तानसेन वजारमा बढेको आर्थिक शिथिलतामा गतिल्याउने काम गर्दथ्यो । वातावरण र मौसम अनि पहुँचका हिसावले पाल्पाले प्राप्त गरेको कम्तीमा प्रदेशस्तरको खेलमैदानका लागि आवश्यक लगानी र आकषर्ण थपिने थियो । त्यति मात्र होइन टूँडिखेल र मेहल्धारा विचमा रहेको खोल्साको अधिकतम खेलसम्वद्ध उपयोग निति रणनीति बन्ने थियो र निजिक्षेत्रको लगानी हुने थियो । तर यो बहस नै हुन पाएन । अनि प्रश्न वा जिज्ञासा आउछ,

सो प्रस्तावका सन्दर्भमा कसले वा रोकेको छ के ले वा रोकिन्छ के का लागि ? यसैगरी पाल्पामा नयाँ खेल पर्यटनको सम्भावना देखाएको विधाविच भलिवल पनि हो । नेपाल पर्यटन वोर्डले समेत सम्भावना देखाएको र स्थानीय नगरपालिका र बगनास गाउँपालिकाको संयुक्त संकल्प र प्रतिवद्धता रहेको यस बारे चर्चा नै गर्न छोडिएको छ । रानीमहल क्षेत्रमा यसका बारेमा सम्भवना भएर नै २ वटा राष्ट्रिय प्रतियोगिता सम्पन्न गरिएका हुन् । अहिलेसम्म संस्थागत प्रतिवद्धता जनाइएको यो खेलका बारेमा स्थानीय पालिकाका खेलकुद समितिहरुले छलफल चलाएका वा कार्यक्रम बनाएका छन् वा छैनन् सुन्नमा आएको देखिदैन । अनि प्रश्न वा जिज्ञासा आउछ, सो सफल परिक्षण भइसकेको प्रस्तावका सन्दर्भमा कसले वा रोकेको छ के ले वा रोकिन्छ के का लागि ?

**तेश्रो जिज्ञासा :**

पाल्पाको पर्यटनमा विशेषगरी तानसेनको पर्यटन विकास अवधारणा र रणनीति कार्यनीति एवं कार्यक्रमको प्रभाव रहन्छ नै । यो स्विकार गरे पनि नगरे पनि यथार्थ चाही यही नै हो । तानसेनमा फस्टाउने पर्यटनका आकर्षक विधाहरु इतिहास, संस्कृति , सम्पदा र प्रकृति सम्वद्ध पर्यटनको प्रत्यक्ष प्रभाव पाल्पामा पर्दछ । यसकारण पनि पाल्पाको पर्यटनको बहस हुँदा तानसेनको पर्यटनका बारेमा बढी चर्चा गर्ने गरिएको हुन्छ । यही मान्यता र अवधारणा अनुरुप विगतमा तानसेनले पर्यटनका लागि चलाएको चर्चा, गरिएका अध्ययनहरु, निर्माण गरिएका अवधारणा, स्थानीय नीति तथा कार्यक्रममा प्राथमिकताको प्रत्यक्ष प्रभाव अपेक्षाकृत हुन नसकेको स्विकार्यतालाई अब लुकाउनु पर्दैन । किनकी हिजोका पर्यटनका विधा र अहिलेका विधामा धेरै परिष्कृतपना र आविष्कार वा पहिचान भएका छन् ।

लुम्बिनी प्रदेश सरकारले पनि पाल्पालाई प्रदेशको एउटा भिन्न र आकर्षक गन्तव्यको सम्भावना देखेर प्राथमिकतामा राखेको छ भने संघयि सरकारद्धारा निकै वर्ष अगाडि देखिनै समयसमयमा चर्चा गर्दै आएको देखिन्छ तर ती दुवै अवसरमा तानसेनले बुझ्न र अवसरको उपयोगमा चुक्दै आएको छ । यो पनि लुकाएर नलुक्ने पक्ष हो । उल्लेखित पृष्ठभूमिमा यही पंक्तिकारले तानसेन नगरले अब पर्यटन प्रवर्द्धन र विकासका लागि एउटा बेग्लै परिचय भएको संस्थाको कल्पना गर्न जरुरी छ भन्ने आसयले पर्यटन बोर्डको गठनका लागि नगरप्रमुख, उपप्रमुख लगायत समक्ष प्रस्ताव गरिएको थियो । यसैबाट नयाँ गन्तव्यहरुको पहिचान, लगानी आकर्षण, सम्वद्ध सरोकार र श्रोतहरुसँगको समन्वय गरी द्रुततर र व्यवस्थित एवं अभियानमुखी पर्यटन प्रवर्द्धनमा जोड दिने गरी संरचनासहितको कार्यविधिको नमूनाका लागि समेत प्रस्ताव गरिएको थियो तर यसबारे पनि लामो समयसम्म पनि प्रगति सम्वन्धमा सार्वजनिक जानकारी प्राप्त हुन सकेको देखिदैन ।

यस्ता दर्जनौं प्रस्तावहरु माथी स्थानीय सरकारको सोच र अवधारणा सार्वजनिक हुन सकेको छैन् । उल्लेखित ३ वटा जिज्ञासाले मात्र पनि तानसेन र पाल्पाको अर्थतन्त्रमा पर्यटन अर्थतन्त्रको भूमिका प्रष्टिने छ तर नगर प्रमुख यी र यस्ता रचनात्मक प्रस्तावप्रति उत्साही र सकारात्मक देखिए पनि परिणाम भने आउन सकेको देखिदैन । अनि प्रश्न वा जिज्ञासा आउछ, सो समग्र स्थानीय अर्थतन्त्रमा समेत प्रभाव पर्ने प्रस्तावका सन्दर्भमा कसले रोकेको छ वा रोकिन्छ के का लागि ? ***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **तुला** : प्रेममा उच्च सफलताको हुने योग छ । प्रेमीप्रेमिकाको मिलन हुनेछ। |
| **बृष** :मनोरञ्जन र खेलवाडतिर लागिने छ । गुरुजनको हौसला मिल्लने छ । | **बृश्चिक** : सामाजिक काम गरिनेछ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । |
| **मिथुन** :अस्वस्थता र कमजोरी महशुस होला । अरूका लागि समय खर्चनुपर्ला। | **धनु** :शरीरमा स्फूर्ति बढ्नेछ । प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान् । |
| **कर्कट** :व्यवसायबाट सोचेको लाभ मिल्नेछ ।अरूको मन जित्न सकिनेछ । | **मकर** : व्यवसायिक भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **सिंह** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । | **कुम्भ** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । |
| **कन्या** :धार्मिक क्रियाकलापबाट मनमा शान्ति मिल्नेछ ।कर्मसिद्धिको समय छ । | **मीन** :समय मध्यम छ । नजिकका व्यक्तिबाटै काममा धोका हुन सक्छ । |

# बाल बाटिका

## सामान्य ज्ञान

१. नेपालको हाल शिक्षा मन्त्री को हुन ?

उत्तर: सुमना श्रेष्ठ

२. नेपालको पूर्व-पश्चिम औसत लम्बाइ कति रहेको छ ?

उत्तर: ८८५ कि. मी.

३. नेपाल एसियाको कुन भाग मा अवस्थित छ ?

उत्तर: मध्य भाग


हार्दिक मंगलमय शुभकामना


विजया दशमीको शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बुबाआमा, दाजुभाई, दिदीबहिनी, खेलकुदप्रेमी तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रणयविरजंग राणा
अध्यक्ष

पाल्पा जिल्ला फुटबल संघ
तानसेन, पाल्पा परिवार


लघुकथा — पारस भट्ट प्यासी

## फाटेको कट्टु



मेरो बाबुआमाले भन्नुहुन्छ सानो छँदा तिमी सारै फोहोरी थियौ । अनि जिद्दी पनि अति गर्ने, नुहाउन भनेपछि रोएर जोर गर्ने ।

सही हो अलिअलि कुरा मलाई पनि याद छ ! कक्षा पाँचमा पुग्दा समेत मैले पाइन्टभित्र कुट्टु लाउँदिन थिएँ ! बरु दुई-तीन ओटा पाइन्ट नै लाएर जान्थे एकदिन अनिरुद्र सरले नेपाली किताबमा कविता पढ्न अनुरोध गर्नुभयो र मलाई कक्षामा उभ्याउनु भयो । त्यो दिन मेरो एउटा पाइन्ट फुत्केर भित्र लाएका अरू दुई-तीन ओटा पाइन्ट पनि साथीहरूले देखेका थिए । प्रेमले त मलाई सधैं जिस्काउने काम समेत गर्थे । अनि बिस्तारै छ, सात, आठ पुगें । तर पनि सँगै दुई-तीन ओटा पाइन्ट लाउने, कट्टु नलाउने बानी हटेन ! नौ कक्षामा चाहिं मैले एउटा कट्टु किनें र नियमित कट्टु लाएँ । दश कक्षामा पुग्दा समेत मसँग त्यही कट्टु थियो ! कट्टु निकै पुरानो भैसकेको थियो ठाउँ ठाउँमा फाटेको थियो । बाहिर पाइन्ट लाउनैपर्छ भित्र कट्टु फाटेको भए पनि के हुने हो र भन्ने सोच हुन्थ्यो ! नयाँ कट्टु किन्न मलाई सारै लोभ पनि लाग्थ्यो त्यही भएर पनि सधैं त्यही फाटेको कट्टु लगाएर स्कूल जान्थें । एकदिन कक्षामा बिनोद, नन्दराम, गीता, अन्जली र मैले होमवर्क गरेका थिएनौं लक्ष्मण सरले हामी पाँचै जनालाई कुखुरा "मुर्गा" बनाउनु भयो । केही बेरमा मेरो चाहिं पाइन्ट फुत्केर घुँडासम्म पुग्यो । मेरो फाटेको कट्टु देखेर विद्यार्थी सबै हाँस्नथाले । कोहीकोहीले त लजाएर आँखा नै बन्द गरे, कोही कोही झसङ्ग भए । कोही कोही हेरेका हेर्यै रहे । भोलिपल्ट देखि साथीहरूले मेरो नाम नै फाटेको कट्टु राखिदिए !

- आफ्नो विद्यार्थी जीवनमा भएका हाँसो ठट्टाका कुरा हिजो धनगढी देखि काठमाडौंको यात्रामा केशवले खुलस्त गरे !

पारस भट्टु प्यासी -

*-साहित्यपोष्ट डटकम*


हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरुतथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुलाई सुख समृद्धि एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरेश कर्माचार्य
अध्यक्ष

श्री नवोदित बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन-१, गैरागाउँ, पाल्पा



हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरि रायमाझी
अध्यक्ष

श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन, पाल्पा



हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कमलराज तिमिल्सीना — सचिव
कृष्णप्रसाद भुसाल — अध्यक्ष

बगनासकाली बहुउद्देश्यीय सहकारी संस्था लि.
बगनासकाली गाउँपालिका-८, पाल्पा



हार्दिक मंगलमय शुभकामना

हिन्दूहरुको महान चाड विजया दशमी, यम पञ्चक तिहार, छठ पर्व २०८१ तथा नेपाल सम्वतको अवसरमा हाम्रा संस्कृति, रीतिरिवाज मानव अधिकारलाई खलल नपर्ने गरी रमाइलोसँग शान्तिपूर्ण ढंगले मनाऔं। आफ्नो गाउँ, ठाउँ समाज, देश र समस्त प्राणी जगतमा सेवा सद्भाव कायम गरौं। समस्त नेपाली नागरिक तथा शुभचिन्तक ज्युहरुमा सुस्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अशोक घिमिरे — सचिव
सन्तबीर बराल — सभापति

मानव अधिकार तथा शान्ति समाज
तानसेन, पाल्पा



## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।

भेषराज घिमिरे — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा — उपाध्यक्ष
सरोजकुमार थापा — अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## मालिका गाउँपालिकाको अनुरोध

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

कमल बहादुर क्षेत्री — प्रमुख प्रशासकीय अधिकृत
उपेन्द्र अर्याल — उपाध्यक्ष
देविराम अर्याल — अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खवाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको अनुरोध

**डेंगी नियन्त्रणका लागि,**

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनैपनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोकाईबाट बच्ने उपायहरू अपनाउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

विजया दशमी २०८१ को पावन अवसरमा देश, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरु, सेवाग्राही, कर्मचारीवर्ग, शुभेच्छुकहरुमा सुख, शान्ति समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## जिल्ला स्वास्थ्य कार्यालय पाल्पा

तानसेन, पाल्पा

## बडादसैं २०८१ को पावन अवसरमा

हार्दिक मंगलमय

# शुभकामना

विजया दशमी २०८१ को पावन अवसरमा देश, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरु, सेवाग्राही, कर्मचारीवर्ग, शुभेच्छुकहरुमा सुख, शान्ति समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## पाल्पा अस्पताल परिवार

तानसेन, पाल्पा

- स्वास्थ्य बिमा अन्तर्गतका सेवाहरु
- २४ सै घण्टा आकस्मिक सेवा
- अनुभवी डाक्टरबाट दन्त सेवा
- डिजिटल एक्सरे इसिजी सेवा
- नि:शुल्क बिमा स:शुल्क फार्मेसी सेवा
- चौबिसै घण्टा नि:शुल्क प्रसुति सेवा

(नोट: बिदाको समयमा पनि आकस्मिक सेवाहरु सुचारु रहने जानकारी गराउदछौ ।)



## करदाता सेवा कार्यालय

तानसेन, पाल्पा

### आर्थिक ऐन २०८१ ले ल्याएका छुट सुविधा सम्बन्धी करदाता सेवा कार्यालय पाल्पाको अत्यन्त जरुरी सूचना

आर्थिक ऐन २०८१ ले करदाता महानुभावहरूको सेवा सुविधालाई मध्यनजर गर्दै निम्न विशेष छुट तथा सहुलियतहरु ल्याएको जानकारी गराउँदछौं ।

**विशेष छुट तथा सहुलियतहरु**

- यदि तपाईले लामो समयदेखि करयोग्य कारोबार गर्नु भएको छ तर स्थायी लेखा नम्बर (PAN) लिनुभएको छैन् भने PAN लिई आ.व २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आयविवरण र सो मा लाग्ने कर २०८१ फागुन मसान्तरसम्म बुझाएमा सो मा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने छ ।
- PAN लिई आयविवरण बुझाउन बाँकी रहेका करदाताले आय विवरण, सो विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको २५ प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तरसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुने छ ।
- २०८० असार मसान्तरसम्म VAT विवरण पेश नगर्ने VAT मा दर्ता भएका करदाताले बुझाउनुपर्ने कर विवरण सो विवरण अनुसारको VAT र सोमा लाग्ने ब्याजको ५० प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ ।

(पुनश्च : असोज मसान्तभित्र कर बुझाउने करदाताहरुलाई आ.व. २०८०/०८१को थप शुल्क र ब्याज लाग्ने छैन् ।)

थप विवरण हेर्नको लागि करदाता सेवा कार्यालयको website tso-tansen@ird.gov.np मा हेर्न सकिन्छ ।

फोन नं. ०७५-५२०११७ मोवाइल नं. ९८५७०८४११७ - कर अधिकृत

# तानसेन नगरपालिका वडा नं. २ कार्यालयको अनुरोध

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नै पर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विषमुक्त नभएसम्म विक्रि वितरण नगरौं,

*विजया दशमी तथा शुभ दिपावली २०८१ को शुभ अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरु, वडावासी तथा सेवाग्राहीहरुमा सुख, शान्ति, समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*



महेश्वर श्रेष्ठ
वडा अध्यक्ष एवं

**तानसेन नगरपालिका वडा नं. २ को कार्यालय**

तानसेन, मेहलधारा, पाल्पा



## हार्दिक मंगलमय

# शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरुतथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुलाई सुख समृद्धि एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

| | | |
|---|---|---|
| सावित्री शाही | विष्णु प्रसाद रेग्मी | बुद्धिराज गौतम |
| व्यवस्थापक | सचिव | अध्यक्ष |

## सूर्योदय कृषि सहकारी संस्था लि.

रामपुर, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ को शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा कर्मचारी वर्गहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| | |
|---|---|
| लिला बहादुर कार्की | गोपाल बहादुर कँवर |
| कार्यकारी निर्देशक | अध्यक्ष |

**ग्रामीण आर्थिक विकास संघ (रेडा)**

तानसेन, पाल्पा



## हार्दिक मंगलमय
## शुभकामना



विजया दशमी, शुभदिपावली, छठ पर्व २०८१ को अवसरमा सम्पूर्ण उपभोक्ता, सेवाग्राही, समितिका पदाधिकारी सदस्य, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विधान श्रेष्ठ
अध्यक्ष

**बर्तुङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समिति**

तानसेन, बर्तुङ्ग, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई